## विषयगत प्रश्न

१. सूचनाको रूपान्तरण भनेको के हो ? स्पष्ट पार्नुहोस् ।

२. तालिका कति प्रकारका हुन्छन् ? सोदाहरण उत्तर दिनुहोस् ।

३. उपविभक्त स्तम्भ चित्र र सरल स्तम्भ चित्र बीच तुलना गर्नुहोस् ।

४. निम्न लिखित अनुच्छेदलाई वृत्त चित्रमा रूपान्तरण गर्नुहोस् ।

कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषा सिक्दा विभिन्न क्षेत्रमा त्रुटिहरू गर्दछन् । यस अध्ययनबाट सामुदायिक विद्यालयका विद्यार्थीहरूले ह्रस्व दीर्घमा ५० प्रतिशत, श, स, ष को प्रयोगमा २( प्रतिशत, पदयोग र वियोगमा १५ प्रतिशत र पदसङ्गतिमा १० प्रतिशत त्रुटि गरेको देखियो ।

५. निम्नलिखित तालिकालाई अनुच्छेदमा रूपान्तरण गर्नुहोस् ।

**सिम्ता गाउँपालिकाको जनसङ्ख्या**

| क.सं. | वडा नं. | जनसङ्ख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | १ | ८५० | १२५० | २१०० |
| २ | २ | १५५० | १४५० | ३००० |
| ३ | ३ | १८२० | १५५० | ३३७० |
| ४ | ४ | २०५० | १८५० | ३९०० |
| ५ | ५ | १९३० | १७२० | ३६५० |
| ६ | ६ | १८९० | १७१० | ३६०० |
| ७ | ७ | २५३० | २४२० | ४९५० |
| ८ | | १२६२० | ११९५० | २४५७० |

६. निम्नलिखित तथ्याङ्कलाई वहुमुखी स्तम्भ चित्रमा रूपान्तरण गर्नुहोस् ।

**मध्यपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पसको सङ्कायगत विद्यार्थी विवरण**

| शैक्षिक वर्ष | शिक्षाशास्त्र | व्यवस्थापन | विज्ञान | जम्मा |
|---|---|---|---|---|
| २०७१ | ४०० | ५०० | ३०० | १२०० |
| २०७२ | ५०० | ४०० | ३०० | १२०० |
| २०७३ | ३०० | ३५० | ४०० | १०५० |
| २०७४ | ५०० | ४५० | ४०० | १५०० |

☑



एकाइ ५

# बुँदा टिपोट

## ५.१ बुँदा टिपोट

लिखित वा मौखिक अभिव्यक्तिका मुख्य मुख्य कुरालाई बुँदाका रूपमा टिप्नुलाई बुँदा टिपोट भनिन्छ । कक्षामा शिक्षकले पढाएका विषयवस्तुको मुख्य मुख्य कुरा टिप्नु बुँदा टिपोट हो । यसैगरी कुनै पनि पाठ वा अनुच्छेद पढेर महत्वपूर्ण अंश बुँदाका रूपमा टिपोट गर्नु पनि बुँदा टिपोट हो । पढेका वा सुनेका सबै कुरा मानिसले स्मरण गर्न सक्दैन । यसका लागि पढेका वा सुनेका कुराको महत्वपूर्ण अंशलाई बुँदाका रूपमा टिपोट गर्न सके त्यसलाई लामो समयसम्म स्मरणमा राख्न सकिन्छ । विषयवस्तुलाई छोटो समयमै बुझ्न र ग्रहण गर्न सकिन्छ । बुँदा टिपोटले कुनै पनि लिखित वा मौखिक अभिव्यक्तिको सार बुझ्न सहयोग पुऱ्याउँछ । पाठ राम्ररी बुझ्न, कम महत्वपूर्ण अंशलाई छोडेर वढी महत्वपूर्ण अंशको पहिचान गर्न र संक्षिप्त लेखन सीप अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

## ५.२ बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू :

१. दिइएको अनुच्छेदलाई राम्री बुझ्न दुई पटक पढ्नुपर्छ ।

२. अनुच्छेद पढ्दै जाँदा त्यसमा भएका मूल कुरालाई ठम्याएर अधोरेखाङ्कन गर्नुपर्छ ।

३. रेखाङ्कित वाक्यलाई टिपेर खेस्रा बुँदा तयार गर्नुपर्छ ।

४. खेस्रा बुँदा टिपोटलाई दिइएको अनुच्छेद हेरी रूजु गरेर मुख्य कुरा छुटे छुटेका ठम्याउनुपर्छ । छुटेको भए छुटेका कुरा थप्नुपर्छ ।

५. खेस्रा बुँदालाई क्रमवद्ध, संक्षिप्त र वस्तुपरक बनाउन संशोधन र परिमार्जन गर्नुपर्दछ ।

६. परिमार्जन गरिएका बुँदालाई आफ्नै शैलीमा साफी लेखन गर्नुपर्दछ ।

७. बुँदा टिपोट सरल संक्षिप्त र बोधगम्य हुनुपर्दछ ।

८. बुँदा टिपोट गर्दा उखान, टुक्का र उक्तिलाई हटाएर त्यसको संक्षिप्त भाव टिपोट गर्नुपर्दछ ।
९. प्रश्नमा सङ्क्षेपीकरण पनि गर्न निर्देशन दिइएको भए बुँदालाई समेटेर पूर्ण वाक्यमा सङ्क्षेपीकरण गर्नुपर्छ ।
१०. सङ्क्षेपीकरण गर्दा भूमिका बाँध्नु हुँदैन ।
११. सङ्क्षेपीकरण एक तृतीयांश हुनुपर्दछ ।
१२. सङ्क्षेपीकरण गरेपछि उपयुक्त शीर्षक समेत दिनुपर्छ ।

## नमुना – १

संसार परिवर्तनशील छ । भाषा पनि परिवर्तनशील वस्तु हो । भाषामा भौगोलिक विस्तार, समयको अन्तराल, सम्पर्कको अभाव र अन्य भाषिक समुदायसँगको सम्पर्कका कारणले भिन्नता देखा पर्छ । यस्तो भिन्नता भाषाको उच्चारण, शव्दभण्डार र व्याकरणमा देखिने गर्छ । एउटै भाषामा देखिने यही भिन्नताका कारण भाषामा उपभेदहरू देखिन्छन् । भाषामा देखिने उपभेदलाई नै भाषिका भनिन्छ । आकारका हिसावले व्यक्ति बोलीभन्दा ठूलो र भाषाभन्दा सानो भाषिक रूप नै भाषिका हो ।

भाषिका मूलतः भाषाको क्षेत्रगत भेद हो । कुनै पनि भाषाको जतिजति क्षेत्र विस्तार हुँदै जान्छ । उति उति क्षेत्रगत भेद जन्मिदै जान्छ । यी क्षेत्रगत भेदले नै भाषिकाको स्वरूप प्राप्त गर्दछन् । भाषामा यस्ता भेद देखिनु भाषाको महत्वपूर्ण विशेषता नै हो । नेपालमा पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म एकै किसिमले बोलिदैन । ठाउँ अनुसार भाषाका विभिन्न रूप पाइन्छ । इलामवासी र वैतडीवासीका बीच कुराकानी हुँदा सुर्खेतवासी र अछामवासीका बीच कुराकानी हुँदा यस किसिमको भिन्नता थाहा पाउन सकिन्छ । यसरी एउटै भाषाको विभिन्न क्षेत्रमा बोलिने क्षेत्रगत भेदलाई भाषिका भनिन्छ ।

**खेस्रा बुँदा टिपोट :**

१. भाषा पनि परिवर्तनशील हुने, २. भाषामा भौगोलिक विस्तार, समयको अन्तराल र सम्पर्कको अभावले भिन्नता देखिने,
३. भाषामा देखिने भिन्नतालाई भाषिका भनिने,
४. भाषिका व्यक्ति भाषाभन्दा ठूलो र भाषाभन्दा सानो रूप ,
५. भाषिका मूलतः भाषाको क्षेत्रगत भेद हो,
६. भाषाको क्षेत्र विस्तार हुँदै जाँदा भाषिकाहरू जन्मिने,
७. इलामवासी र वैतडीवासीका बीच कुराकानी हुँदा यस्तो भेद थाहा पाउन सकिने,
८. यसरी एउटै भाषाका विभिन्न क्षेत्रमा बोलिने क्षेत्रगत भेद नै भाषिका ।



**साफी बुँदा टिपोट :**

१. भाषा परिवर्तनशील भएकाले यसमा समयको अन्तराल, भौगोलिक विस्तार र सम्पर्कको अभावले भिन्नता देखिने ।
२. भाषामा देखिने भिन्नतालाई भाषिका भनिने ।
३. भाषिका व्यक्ति भाषाभन्दा ठूलो रूप हुने
४. मूलतः भाषाको क्षेत्रगत भेदलाई नै भाषिका भनिने,

## नमुना – २

भाषाका सामान्य नियम, प्रकृति तथा विशेषताहरूको खोजी गर्ने भाषाविज्ञानको शाखालाई सैद्धान्तिक भाषाविज्ञान भनिन्छ । यसले भाषाका ध्वनि, वर्ण, रूप, वाक्य, अर्थ र संरचनाको अध्ययन गर्दछ । पुराना स्थापित सिद्धान्तहरूको संशोधन र परिमार्जन पनि गर्दछ । यसले भाषासँग सम्बन्धित ज्ञानको खोजी गर्दछ र तिनलाई सिद्धान्तका रूपमा विकास गर्दछ । भाषाका सर्वाभौम विशेषताहरूको खोजी गर्नु, यसको प्रकृति एवम् संरचनाको अध्ययन गर्नु र भाषिक सिद्धान्तको प्रतिपादन गर्नु यसका उद्देश्य हुन् । यसलाई सामान्य भाषाविज्ञान पनि भनिएको पाइन्छ । यस अन्तर्गत संरचनावाद, रूपार्थपरक व्याकरण, कारण व्याकरण आदि पर्दछन् ।

भाषाको प्रयोग पक्षलाई ध्यानमा राखेर भाषाकै अध्ययन गर्ने शाखालाई प्रायोगिक भाषाविज्ञान भनिन्छ । यसले विभिन्न क्षेत्रमा हुने भाषाको प्रयोग पक्षको अध्ययन गर्दछ । यसका लागि भाषा विज्ञानका सैद्धान्तिक पक्षलाई भाषिक समस्या समाधानमा समेत उपयोग गर्दछ । यस अन्तर्गत अनुवाद विज्ञान, कम्प्युटरको भाषा व्यतिरेकी विश्लेषण र त्रुटि विश्लेषण पर्दछन् ।

**खेस्रा बुँदा टिपोट :**

१. भाषाको सामान्य नियम तथा विशेषताहरूको खोजी गर्ने भाषाविज्ञानको शाखालाई सैद्धान्तिक भाषाविज्ञान भनिने,
२. यसले भाषाबाट तथ्य लिई सिद्धान्तहरूको विकास गर्ने,
३. भाषाका सार्वभौम विशेषताहरूको खोजी गर्नु यसको उद्देश्य रहेको,
४. यस अन्तर्गत संरचनावाद, रूपार्थपरक व्याकरण र कारक व्याकरण आदि पर्ने,
५. भाषाको प्रयोग पक्षको अध्ययन गर्ने भाषाविज्ञानको शाखा नै प्रयोगिक भाषाविज्ञान,
६. यसले सैद्धान्तिक भाषाविज्ञानको ज्ञानलाई भाषिक समस्या समाधानमा उपयोग गर्ने,
७. यस अन्तर्गत भाषा शिक्षण, कोश निर्माण, शैली विज्ञान आदि पर्ने ।

**साफी बुँदा टिपोट :**

**सैद्धान्तिक र प्रायोगिक भाषाविज्ञान**

१. भाषाको सामान्य नियम र विशेषताहरूको खोजी गर्ने भाषाविज्ञानको एउटा शाखालाई सामान्य भाषाविज्ञान भनिने,

२. भाषाका सार्वभौम विशेषताहरूको खोजी गरी भाषिक सिद्धान्तको विकास गर्नु यसको उद्देश्य

३. यस अन्तर्गत संरचनावाद, रूपार्थपरक व्याकरण र कारक व्याकरण आदि पर्ने,

४. भाषाको प्रयोग पक्षको अध्ययन गर्ने भाषाविज्ञानको अर्को शाखालाई प्रायोगिक भाषाविज्ञान भनिने,

५. यसले भाषाको सैद्धान्तिक ज्ञानलाई भाषिक समस्या समाधानमा उपयोग गर्ने,

६. यस अन्तर्गत भाषा शिक्षण, कोश निर्माण, शैलीविज्ञान आदि उपशाखाहरू पर्ने ।

## नमुना - ३

जीवन जगतको रागात्मक सुन्दर अभिव्यक्तिलाई ललितकला भनिन्छ । मनका सूक्ष्म भावहरूको सौन्दर्यपूर्ण रूपमा प्रकट गरिने ललितकताका विविध भेदहरू छन् । ती हुन् वास्तुकला, मूर्तिकला, चित्रकला, सङ्गीत, साहित्य आदि । यी मध्ये साहित्य भाषाका माध्यमवाट गरिने मानवीय अनुभूतिहरूको कलात्मक प्रकाशन हो । यस अन्तर्गत नाटक, निवन्ध, आख्यान र कविता गरी चार मुख्य विधाहरू रहेका छन् । यी मध्ये कविता एक सर्वप्राचीन र समृद्ध विधा हो । यही कविता विधाको वृहत् र वृहतम स्वरूप नै महाकाव्य हो ।

साहित्यलाई प्रस्तुत गर्ने विधिलाई आधार मानेर हेर्दा साहित्यलाई दृश्य र श्रव्य काव्य गरी दुई भेदमा वर्गीकरण गर्न सकिन्छ । यी मध्ये नाटक दृश्य काव्य अन्तर्गत पर्दछ । महाकाव्य श्रव्य अन्तर्गत पर्दछ । श्रव्य काव्य अन्तर्गत पनि गद्य, पद्य र मिश्र गरी तीन उपभेद रहेका छन् । यी मध्ये पद्य अन्तर्गत स्फुट र प्रवन्ध काव्य गरी दुई भेद छन् । यी दुई मध्ये प्रबन्ध काव्य अन्तर्गत महाकाव्य पर्दछ । यसरी हेर्दा महाकाव्य साहित्यको श्रव्य भेद अन्तर्गतको पद्य उपभेदको पनि प्रवन्ध भेद अन्तर्गत पर्ने महत्वपूर्ण विधा हो । यसमा सर्गहरूलाई निरन्तरता र विश्रामको ढाँचामा कलात्मक ढङ्गले बाँधिने भएकाले यसलाई सर्गकाव्य पनि भनिएको पाइन्छ ।

मानवीय सभ्यताको विकाससँगै मानिसले भाषाका माध्यमबाट तत्कालीन युग, सभ्यता, संस्कृति र जीवनका घटनाहरूलाई अभिव्यक्त गर्ने र सञ्चय गर्ने परिपाटीको सुरुवात गऱ्यो । यसै क्रममा देवगाथा, वीरगाथा, प्रेमगाथाहरू लोक गाथाका रूपमा हुर्कन थाले । तिनै गाथाहरूलाई विराट कवित्वको सहायताले समन्वय गर्दै जाँदा महाकाव्यको जन्म हुन पुग्यो । पूर्वमा वाल्मीकीको रामायण र पश्चिममा होमरको इलियड र ओडिसी आदि महाकाव्य हुन् । यसरी सिङ्गो युग, सभ्यता, संस्कृति र जीवनका विविध पक्षहरूको विराट कवित्वका सहायताले आख्यानीकरण गरी सर्गहरूमा बाँधेर महासंरचनामा अभिव्यक्त गरिने काव्यकृति नै महाकाव्य हो ।

**खेस्रा बुँदा टिपोट :**

१. ललितकलाका विभिन्न भेद मध्ये साहित्य एउटा प्रमुख भेद,

२. साहित्यका विभिन्न विधामध्ये महाकाव्य एक भेद,

३. महाकाव्य कविताको वृहत र वृहतम स्वरूप,

४. साहित्यलाई प्रस्तुत गर्ने विधिका आधारमा महाकाव्य श्रव्य काव्यको पद्यभेदको पनि प्रबन्ध भेद अन्तर्गत पर्ने,

५. यसलाई सर्गहरूमा बाँधेर प्रस्तुत गरिने भएकाले सर्गकाव्य पनि पनि भनिएको,

६. मानवीय सभ्यतामा रहेका देवगाथा, वीरगाथा र प्रेमगाथाहरूलाई कवित्वका साहायताले समन्वय गर्दा महाकाव्यको जन्म भएको,

७. वाल्मीकीको रामायण र पश्चिममा होमरको इलियड र ओडिसी आदि सर्वप्राचीन महाकाव्य मानिने,

८. सिङ्गो युग, सभ्यता, संस्कृति र जीवनका विविध पक्षलाई अख्यानीकण गरी सर्गहरूमा बाँधेर प्रस्तुत गरिने काव्य नै महाकाव्य कहलाउने ।

**साफी बुँदा टिपोट :**

**महाकाव्यको परिचय**

१. ललितकलाको एउटा महत्वपूर्ण भेद साहित्यलाई मानिएको

२. साहित्यका विभिन्न भेदमध्ये कविता विधाको वृहत र वृहतम स्वरूप नै महाकाव्य

३. महाकाव्य साहित्यको श्रव्य भेदको पद्य र उपभेद अन्र्तगत पर्ने प्रबन्ध काव्य हो ।

४. मानवीय सभ्यताका देवगाथा, वीरगाथा, प्रेमगाथाहरूको सङ्कलनबाट महाकाव्यको जन्म भएको ।

५. पूर्वमा वाल्मीकिको रामायण र पश्चिममा होमरको इलियड र ओडिसी नै सर्वप्राचीन महाकाव्य

६. सिङ्गो युग, सभ्यता र जीवनका विविध पक्षहरको विराट कवित्वका सहायताले आख्यानीकरण गरेर महासंरचनामा अभिव्यक्त गरिने साहित्य नै महाकाव्य

# अभ्यास

**१. तलको अनुच्छेद पढी मुख्य पाँचवटा बुँदा टिप्नुहोस् ।**

डायास्पोरा ग्रिसेली भाषाबाट नेपाली भाषामा आएको शब्द हो । यो dia (डाया) र speiro (स्पीरो) शब्दबाट बनेको हो । डायाको अर्थ 'बाट/देखि' र स्पीरोको अर्थ छरिनु वा फिँजिनु हो । डायास्पोरा शब्दको शाब्दिक अर्थ एक ठाउँबाट अर्को ठाउँमा छरिएर वा फिँजीएर वस्नु हो । यो शब्दले प्राचीन समयमा प्यालेस्टाइन भन्ने देशबाट निर्वासित भएका यहुदीहरूलाई बुझाउँथ्यो । वर्तमान समयमा यस शब्दको अर्थ विस्तारित भएको छ । यसले जुनसुकै देशबाट आफ्नो मातृभूमि छोडी अन्य देश वा ठाउँमा बस्न गएका समुदायलाई बुझाउँछ । जस्तै युरोपियन डायास्पोरा, चिनियाँ डायास्पोरा, नेपाली डायास्पोरा । डायास्पोराको शाब्दिक अर्थ भाषा संस्कृति वा मान्छेको फिंजाइ हो । यो बसाइँसराइसँग सम्बन्धित छ । प्राचीन समयमा यसले यहुदीहरूको निर्वासनलाई बुझाए पनि समाज विकासको सुरुवात भएसँगै राज्य निर्माण राज्य विस्तार, उपनिवेश, दास व्यापार र विश्व श्रम बजारको विस्तार आदिका कारण लाखौ मानिसहरूले आफ्नो देश छोडेर अन्य मुलुकमा वसाइं सरेको र विस्थापित हुनु परेको स्थिति छ । वर्तमान समयमा विज्ञान र प्रविधिको अभूतपूर्व विकासले विश्व सानो गाउँझै बन्न पुगेको छ । यातायात, सञ्चार र आवागमनको सुविधा बढ्दै गएको छ । खास गरी शिक्षा, रोजगारी, नयाँ जीवनको खोजी, व्यापार, डी.भी., पी. आर. आदि सम्वन्धी कारणले गर्दा अन्य मुलुकमा जाने र त्यही स्थायी रूपले बसोवास गर्ने गतिविधिका कारण डायास्पोराहरूको निर्माण भइहरेको छ ।

**२. निम्नलिखित अनुच्छेदबाट बुँदा टिपी संक्षेपीकरण गर्नुहोस् ।**

'हाँसिराख्न सिके मैले' एउटा उत्कृष्ट गजल हो । यो मनुब्राजाकीद्वारा लेखिएको हो । यो गजल 'गजल गङ्गा' (२०५१) गजल सङ्ग्रहभित्र सङ्कलित रहेको छ । यस गजलको पहिलो दोस्रो र तेस्रो सेरमा म पात्रले आफूलाई जतिसुकै जालझेलमा पारे पनि आफ्नो हार वा जित जे भएपनि हाँसिराख्न सिकेको भाव व्यक्त गरेका छन् । यसै गरी चौथो, पाँचौ र छैठौं सेरमा प्रेममा आफू भऱ्याङझैं हुनु परेको, प्रेयसी त्यसैलाई टेकेर माथि माथि पुगेको, उनी माथि पुगेपनि आफूले प्रतीक्षा गरिरहेको, विरहको आगोमा प्रेम अझ खारिएको भाव व्यक्त गरेका छन् । अन्तिम सातौ, आठौं र नवौं सेरमा जीवनरूपी घाटमा आफूले प्रेयसीलाई कुरी बसेको, जतिसुकै बार हाले पनि, घामछायाँ जस्तो स्थिति आइपरे पनि आफू नओइलाउने मखमली फूल जस्तै बनेर हाँसिराख्ने भाव व्यक्त गरिएको छ । यसरी प्रस्तुत गजलमा म (मनु) पात्रले आफ्नी प्रेयसीलाई सम्वोधन गर्दै उनले आफूलाई भऱ्याङ बनाएर माथि पुगेपछि वास्ता नगरे पनि, जतिसुकै जालझेल गरे पनि आफू चाहिँ प्रतीक्षामा वसिरहने, मायामा हारजित जे भएपनि सदा सुखी रहने आशावादी जीवनवादी दृष्टिकोण प्रस्तुत गरेका छन् । समग्रमा नौ सेरको सवल संरचनामा प्रेम प्रणयको रति भाव र आशावारी जीवनदारी दृष्टिकोण व्यक्त गर्न सफल यो गजल उत्कृष्ट बन्न पुगेको छ ।

**३. निम्नलिखित अनुच्छेदबाट मुख्य मुख्य पाँचवटा बुँदा टिप्नुहोस् ।**

भूगर्भशास्त्र (Geology) एक त्यस्तो विज्ञान हो, जसले पृथ्वीको उत्पत्ति यसको बनावट र बेलाबेलामा यसमा आउने परिवर्तनका वारेमा अध्ययन गर्छ । भूगर्भशास्त्र अनुसार धेरै वर्ष पहिले एक आकाशीय पिण्डबाट एक टुक्रा उछिट्टिएर पृथ्वीको उत्पत्ति भएको हो । प्रारम्भमा निकै तातो अवस्थामा रहेको पृथ्वी कालान्तरमा सेलाउँदै गयो । विभिन्न ग्याँसहरूको संयोजनबाट पृथ्वीमा घनघोर वर्षा भयो । गहिरा भागहरूमा पानी जमेर महासागरको निर्माण भयो । उक्त समयमा नै अग्ला अग्ला स्थानहरू चाहिँ महादेशका रूपमा स्थापित भए । पृथ्वीको उत्पत्ति भएपश्चात् हावापानीको परिवर्तनले गर्दा हिमयुग, बाढीको युग र अन्तर हिमानी तातो युगहरू आए । ती हुन्: पूर्वजैविक युग, सूक्ष्म जैविक युग, पुराजैविक युग, मध्य जैविक युग र सिनोजोइक युग । पूर्व जैविक युग पृथ्वीको उत्पत्ति पछिको प्रथम युग हो । यस युगमा पृथ्वी सेलाउने, जल, स्थल एवम् चट्टानहरू निर्माण हुने काम भए । यो युगमा जीवको उत्पत्ति नभएकाले यसलाई पूर्व जैविक युग भनिन्छ । सूक्ष्म जैविक युग दोस्रो युग हो । यस समयमा एककोशीय जीवहरूको उत्पत्ति भयो । पुराजैविक युग तेस्रो युग हो । यस युगमा माछा र अन्य उचयचर प्राणीहरूको उत्पत्ति भयो । मध्य जैविक युग चौथो युग हो । यस युगमा छेपारो, कछुवा, गोही, डाइनोसर आदि प्राणीहरूको विकास भयो । सिनोजोइक युग पृथ्वीको उत्पत्ति पछिको पाँचौ युग हो । यसको समय ७/८ करोड वर्ष पहिले देखि आजसममको समय हो । यसै समयमा बानर प्रजाति र मानव प्राणीको उत्पत्ति भई क्रमशः विकास हुँदै आएको हो । (दाहाल र खतिवडा, २०५५: १-४)

☑

एकाइ ६

# अनुच्छेद रचना

## ६.१ अनुच्छेदको परिचय र निर्देशित अनुच्छेद रचना

कुनै पनि विषयमा आफ्ना भाव वा विचारहरूलाई सिलसिला मिलाएर लेखिएको वाक्यहरूको समूहलाई अनुच्छेद भनिन्छ । यसमा वाक्यहरू धाँगोमा फूल उनिएझैं क्रमवद्ध, तार्किक र व्यवस्थित रूपमा उनिएर आएका हुन्छन् । यसमा वाक्यलाई विषयको मसिनो डोरीले बाँधिएको हुन्छ । अनुच्छेद सानो संरचनामा अभिव्यक्त हुने भएपनि यसको आफैमा पूर्ण संरचना हुन्छ । यसमा मुख्यतः आदि, मध्य र अन्त्यमा गरी तीन भाग हुन्छन् । आदि भाग वा प्रारम्भमा एक/दुई वाक्यमा शीर्षकको वनोट र अर्थ खुलाएर विषय प्रवेश गर्नुपर्छ । मध्य भागमा ४/५ वाक्यमा विष्यको विस्तार गर्नुपर्दछ । यसरी विषयको विस्तार गर्दा समाज, इतिहास, दर्शन, पुराणका विभिन्न सन्दर्भ अर्थपूर्ण तरिकाले जोड्दै विषयको वर्णन, व्याख्या र विश्लेषण गरिन्छ । अन्त्यमा भागमा एक/दुई वाक्यमा अनुच्छेदको निचोड प्रस्तुत गरिन्छ ।

अनुच्छेद लेखन निर्देशित र स्वतन्त्र गरी दुई प्रकारका हुन्छन् । निर्देशित अनुच्छेद लेखनमा वुँदाहरू दिइएका हुन्छन् । तिनै बुंदाहरूलाई संयोजन गरी अनुच्छेद तयार गरिन्छ । स्वतन्त्र अनुच्छेद लेखन चाँहि दिइएको शीर्षकमा आधारित भएर स्वतन्त्र रूपले विचार र भावको प्रवाह गरी लेखिन्छ । विशेषतः तल्ला कक्षाहरूमा दिइएका वुँदाहरूका आधारमा अनुच्छेद लेखन गराइन्छ भने स्नातक तहमा बुंदा नदिई कुनै शीर्षक वा सन्दर्भ दिएर अनुच्छेद लेखन गराइन्छ ।

## ६.२ अनुच्छेद लेखनका प्रकार

लेखन ढाँचा वा शैलीका आधारमा अनुच्छेदहरू निम्न लिखित प्रकारका हुन्छन् :

**(क) आत्मपरक अनुच्छेद :**

कुनै पनि विषय वा शीर्षकलाई लिएर आफ्नो मनमा उब्जेका भावना, कल्पना र अनुभूति व्यक्त गरी लेखिने अनुच्छेदलाई आत्मपरक अनुच्छेद



भनिन्छ । यसमा व्यक्तिका निजी अनुभूति र भावनाहरूलाई प्रथम पुरूषीय (म, हामी, आफू) दृष्टिविन्दुबाट प्रस्तुत गरिन्छ । यस्तो लेखनमा व्यक्तिका निजी अनुभूतिको छाप पाइने हुँदा यसलाई निजात्मक शैलीमा लेखिएको अनुच्छेद पनि भनिन्छ ।

**(ख) वस्तुपरक अनुच्छेद :**

कुनै शीर्षक वा विषयवस्तुलाई नै मुख्य कुरा बनाएर वर्णनात्मक शैलीमा लेखिएको अनुच्छेदलाई वस्तुपरक अनुच्छेद भनिन्छ । यसमा लेखक तटस्थ रही विषयवस्तुका बारेमा जे जे देखेको वा बुझेको छ । त्यसलाई यथार्थपरक ढङ्गले प्रस्तुत गर्दछ ।

**(ग) आख्यानात्मक अनुच्छेद :**

कुनै पनि घटना, चरित्र वा परिस्थितिलाई कथात्मक ढङ्गले सिलसिला मिलाएर लेखिएको रचनालाई आख्यानात्मक अनुच्छेद भनिन्छ । कुनै कथामा घटेका घटनालाई बुँदागत रूपमा दिई अनुच्छेद लेख्न लगाइनु आख्यानात्मक अनुच्छेद हो ।

**(घ) तार्किक अनुच्छेद :**

कुनै पनि विषयमा वा शीर्षकमा केन्द्रित भई विभिन्न तर्क र प्रमाणहरू दिएर पुष्टि गरी लेखिने अनुच्छेदलाई तार्किक अनुच्छेद भनिन्छ ।

**(ङ) आलङ्कारिक अनुच्छेद :**

कुनै पनि विषयलाई काव्यात्मक भाषाको प्रयोग गरी लेखिएको अनुच्छेदलाई आलङ्कारिक अनुच्छेद भनिन्छ । यसमा विभिन्न शब्दअलङ्कार तथा अर्थालङ्कारहरूको प्रयोग गरिएको हुन्छ ।

**(च) व्यङ्ग्यात्मक अनुच्छेद :**

कुनै पनि व्यक्ति, वस्तु वा विषयप्रति घुमाउरो तरिकाले व्यङ्ग्य गरी लेखिएका अनुच्छेदलाई व्यङ्ग्यात्मक अनुच्छेद भनिन्छ ।

**(छ) विश्लेषणात्मक अनुच्छेद :**

कुनै पनि विषयसँग सम्बन्धित तथ्यहरू जम्मा गरेर विस्तृत व्याख्या र विवेचनासहित लेखिएको अनुच्छेदलाई विश्लेषणात्मक अनुच्छेद भनिन्छ ।

## ६.३ अनुच्छेद लेखनका नमुना

**नमुना -१**

**पृथ्वी**

सूर्यसित छुट्टिएको पन्ध्र हजार वर्षदेखि पृथ्वी खँदिलो अवस्थामा रहन थालिन् तर प्रथम जीवनलाई आश्रम दिने हुन यिनलाई डेढ सय करोड वर्ष भन्दा अधिक सेलाउने समय लाग्यो । त्यस बीचको समय भयानक थियो । अत्यन्त बाक्लो कार्बनडाइक्साइड र नाइट्रोजन ग्यास विशेष मात्रामा अक्सिजनचाहिं लेशमात्र भएको गह्रौं तप्त धुवाँको वादलले सबैतिर ढाकेर सूर्यको किरणसमेत भित्र छिर्न दिँदैनथ्यो । प्रतिक्षण विजुली चम्कँदै चट्याङ परिरहन्थे । पृथ्वीको सतह बलेको चुल्हामा वसालेको कराहीमा कालो जीवनारायणी तेल जस्तो भकभकी उम्लिरहेको थियो । सहस्रौ ठाउँमा फोका फुटेजस्तै ज्वालामुखीहरू धातु र पत्थरको लेदो ओकलिरहन्थे करोडौं वर्षपछि त्यो केही सेलाउँदै गयो । प्रतिदिन सयौं महाभुकम्पहरूले हुँडलिएका सतहहरू जम्दै फुट्दै चिरा पर्दै खुम्चिन थाले । फेरि त्यसमाथि गड्याङगुडुङ गर्दै वर्षा मच्चिन थाल्यो । ठूला साना खाडलहरू पानीले भरिएर महासागर र पोखरीहरू बने, उच्च स्थलहरू पर्वत टापू बने, अग्लो ठाउँबाट होचो ठाउँतिर झरना, नदी र खोलाहरू खस्तै बहन लागे । वादल अझ फाटेको थिएन तापनि पतला भएर घुमिरहेको थियो । ठीक यही समय जीव प्रारम्भको निमित्त उपयुक्त थियो । यसरी डेढसय करोड वर्ष जतिमा आगोजस्तै तातेकी पृथ्वी सेलाउँदै गइन् । फलमा ढुसी उम्रे जस्तै अनि कीरा परेजस्तै उनमा झार र जीव उम्रेका हुन् **(सम, २०६३: ५-६)**

**नमुना -२**

**देश विकासमा युवाहरूको भूमिका**

देश मानिसको वासस्थान र पहिचान हो । यसको उन्नति र प्रगति हुनु विकास हो । देश विकासमा युवाहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । युवा भनेको बल, जोस, जाँगर र बुद्धिका प्रतीक हुन् । उनीहरूले आर्जन गरेका ज्ञान, बुद्धि, जोस, जाँगर र बल कुनै पनि देशको विकासका लागि चाहिने शक्ति हुन् । त्यसको समुचित प्रयोग गर्न सक्यो भने मात्रै देश विकास सम्भव हुन्छ । यसैकारण युवाहरूलाई देशको खम्बा भनिएको हो । युवा वर्ग चेतना शक्ति भएका त्यस्ता समूह हुन् । जसमा स्पष्ट लक्ष्य दृढ सङ्कल्प र अग्रगामी सोच हुने हुनाले युवाहरूले शिक्षा, स्वास्थ्य , कृषि, विज्ञान तथा प्रविधिका क्षेत्रमा नयाँ नयाँ काम गर्न सक्छन् । तिनलाई सबल नेतृत्व दिएर उन्नति र प्रगतिको पथमा लम्काउन सक्छन् । आजको हाम्रो देश पनि युवावर्गकै काँधमा निर्भर



रहेको छ । यिनै युवाहरूको बुद्धि जोस र जाँगरलाई दशका विभिन्न विषय र क्षेत्रमा लगाउन सके तिनमा प्रशस्त उन्नती भएर समग्र देशकै विकास हुन सक्छ । यसरी हेर्दा देश विकासमा युवाहरूको महत्वपूर्ण भूमिका रहेको छ ।

**नमुना - ३**

**भाषा शिक्षण**

भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता चार सीपहरूको शिक्षण नै भाषा शिक्षण हो । यो भाषाको सिकाइ शैक्षणिक प्रयोजनसँग सम्वन्धित रहेको हुन्छ । भाषा शिक्षण विषयवस्तुको शिक्षण होइन । विषयवस्तुको माध्यमबाट गरिने भाषिक सीपको शिक्षण हो । यसमा विषयवस्तु गौण र सीप शिक्षण प्रमुख हुने गर्दछ । भाषा शिक्षणमा भाषाका संरचना र व्याकरणको सैद्धान्तिक अभ्यास तथा पुनरावृत्तिका माध्यमबाट भाषिक सीपलाई सबल वनाइन्छ । अतः भाषाका सुनाइ, वोलाइ, लेखाइ र पढाइ जस्ता भाषिक सीपको विकासका लागि गरिने शिक्षणलाई नै भाषा शिक्षण भनिन्छ ।

**नमुना -४**

**भाषा मानवीय वस्तु हो ।**

भाषा मानवीय उच्चारण अङ्गद्वारा उच्चारित वाक्प्रतीकहरूको व्यवस्था हो । यसमा ध्वनि, वर्ण, रूप, वाक्य आदि व्यवस्थाहरू रहेका हुन्छन् । मानवेत्तर प्राणीका बोलीलाई भाषा विज्ञानमा भाषा मानिदैन । ती प्राणीले सीमित ध्वनि निकालेर आफ्नो समूहमा भाव सम्प्रेषण गरे पनि ती भाषिक दृष्टिले विश्लेष्य हुँदैनन् । ती उत्पादनशील पनि हुँदैनन् । मानिसले सामाजिक सम्पर्क कायम गर्न, र विचार व्यक्त गर्न भाषाको प्रयोग गर्छ । मानिसको भाषामा रहेका भाषिक ध्वनि, स्वप, पद, पदावली तथा वाक्य भाषावैज्ञानिक दृष्टिले विशेष्य हुन्छन् । यसर्थ भाषा मानवीय वस्तु हो ।

**अभ्यास**

**वहुवैकल्पिक प्रश्न**

**सर्वोपयुक्त उत्तरमा रेजा (√) चिन्ह लगाउनुहोस् ।**

१. **अनुच्छेद भनेको के हो ?**

(क) वाक्यहरूको समूह

(ख) वाक्यहरूको विन्यास

(ग) वाक्यहरूको अन्तंरसम्बन्धित समूह

(घ) वाक्यहरूको निरपेक्ष समूह

२. **अनुच्छेदमा आउने अघिल्ले वाक्यलाई के भनिन्छ ?**

(क) शीर्षवाक्य (ख) मुख्य वाक्य

(ग) बीच वाक्य (घ) निर्धारक वाक्य

३. **अनुच्छेदमा जम्मा कति भाग हुन्छन् ?**

(क) दुई (ख) तीन

(ग) चार (घ) पाँच

४. **कस्तो अनुच्छेदमा कल्पना र भावनाका सहायताले भाव व्यक्त गरिन्छ ?**

(क) वस्तुपरक (ख) तार्किक

(ग) आत्मपरक (घ) व्यङ्ग्यात्मक

५. **विषयवस्तुलाई नै मुख्य आधार बनाइ वर्णनात्मक शैलीमा लेखिने अनुच्छेद कुन हो ?**

(क) वस्तुपरक (ख) विश्लेषणात्मक

(ग) आख्यात्मक (घ) आत्मपरक

**विषयगत प्रश्न**

१. नजिकै आउँदै गरेको परीक्षालाई लिएर मनमा उठेका कुराहरू समेटेर एउटा अनुच्छेद लेख्नुहोस् ।

२. विद्यार्थी जीवनमा अनुशासनको महत्व शीर्षकमा १०० शब्दसम्मको एक अनुच्छेद लेख्नुहोस् ।

३. 'शिक्षा एक अमूल्य धन' शीर्षकमा एउटा अनुच्छेद लेख्नुहोस् ।

४. शैक्षिक भ्रमणमा अनुभूति गरेका विषयलाई समेटेर एक अनुच्छेद लेख्नुहोस् ।

५. मातृभूमि शीर्षकमा एउटा अनुच्छेद तयार गर्नुहोस् ।

६. कवि माधवप्रसाद घिमिरेको परिचय र प्रवृत्ति खोजेर एक अनुच्छेद तयार गर्नुहोस् ।

☑



एकाइ ७

# व्यावहारिक लेखन

## ७.१ व्यावहारिक लेखनको परिचय

कुनै पनि व्यक्ति वा संस्थाले दैनिक एवम् सामाजिक व्यवहारका कार्यहरूमा लेख्ने लेखोटलाई व्यावहारिक लेखन भनिन्छ । मानिसले समय र परिस्थिति अनुसार विभिन्न चिठी, निवेदन, निमन्त्रणा, विज्ञापन, शुभकामना र बधाई लेख्ने वा दिने गर्नुपर्दछ । यसरी आवश्यकता अनुसार लेखिने विज्ञापन, शुभकामना, बधाई चिठी, आदिलाई नै व्यावहारिक लेखन भनिन्छ । घरायसी सूचना आदान प्रदान गर्न चिठी लेखिन्छ । कार्यालयमा आवश्यक कार्यका लागि अनुरोध गर्न निवेदन लेखिन्छ । आफ्ना वस्तु तथा सेवाको प्रचार प्रसार गर्न विज्ञापन लेखिन्छ । चाडपर्व विशेष र नयाँ वर्षमा शुभकामना आदानप्रदान गरिन्छ । आफ्ना आफन्त वा संस्थामा आवद्ध व्यक्तिले गरेको प्रगतिमा बधाइ दिइन्छ । यसरी विभिन्न अवसरमा लेखिने लेखनलाई व्यावहारिक लेखन भनिन्छ । ती मध्ये पाठ्यक्रममा उल्लेख भएका विज्ञापन, शुभकामना, बधाईज्ञापन र व्यक्तिवृत्तको चर्चा गरिन्छ ।

### (क) विज्ञापन

कुनै पनि वस्तु तथा संस्थाको सार्वजनिक रूपमा सन्देश प्रसार प्रचार गर्नुलाई विज्ञापन भनिन्छ । यो सर्वसाधारण तथा ग्राहकहरूलाई आकर्षित गरेर उत्प्रेरणा जगाउने सन्देश हो । विज्ञापन व्यापार, व्यवसाय बढाउने प्रभावकारी माध्यम हो । यसमा शीर्षक, सन्देश र प्रचारक गरी तीन महत्वपूर्ण अङ्गहरू रहेका हुन्छन् । विज्ञापनमा प्रयोग गरिने शीर्षक उपशीर्षकले कुन वस्तु तथा सेवाको विज्ञापन हो भन्ने सङ्केत गर्दछ । सन्देश चाहिँ विज्ञापनको मुख्य अङ्ग हो । यसमा विभिन्न सुक्ति, कवितांश र आकर्षक भाषाशैलीमा वस्तु तथा सेवाको बढाइचढाइ वर्णन गरिएको हुन्छ । विज्ञापनको अन्तिम अङ्ग प्रचारक वा प्रयोजकको नाम र ठेगाना हो; यसमा कुन व्यक्ति तथा संस्थाले प्रचार गरेको हो । त्यसको नाम र ठेगाना उल्लेख गरिन्छ ।

विज्ञापनको प्रचारप्रसारका माध्यम पत्रपत्रिका, रेडियो, टेलिभिजन, पोस्टर आदि हुन् । यी माध्यम अनुसार सचित्र वा प्रभावकारी वाणीका सहायताले विज्ञापन